# नेपाल राजस्व परामर्श विकास समितिको अध्यक्ष र सदस्यको पदपूर्ति सम्वन्धी सूचना

(प्रकाशित मिति २०७६।११।०२)

नेपाल राजस्व परामर्श विकास समिति (गठन) आदेश, २०७६ को दफा ३ बमोजिमको नेपाल राजस्व परामर्श विकास समितिमा एक जना अध्यक्ष र दुई जना सदस्यको नियुक्तिको लागि सोही गठन आदेशको दफा दफा ४ बमोजिम गठित सिफारिस समितिले उम्मेदवारहरुको छनौट गरी नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष सिफारिश गर्नुपर्ने भएकाले देहाय अनुसार योग्यता र अनुभव हाँसिल गरेका इच्छुक योग्य नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले कार्यालय समयमा ७ दिनभित्र अर्थ मन्त्रालय, राजस्व व्यवस्थापन महाशाखामा दरखास्त दिनुहुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## १. न्यूनतम् योग्यता, कार्य अनुभव र उमेरः

नेपाल राजस्व परामर्श विकास समिति (गठन) आदेश, २०७६ को दफा ३ बमोजिम नेपाल राजस्व परामर्श विकास समितिका अध्यक्ष र सदस्यको नियुक्तिका लागि सिफारिस गर्ने प्रयोजनका लागि गठन आदेशको दफा ५ बमोजिम देहायको योग्यता र अनुभव भएका तथा दफा ६ बमोजिम अयोग्यता नभएका उच्च नैतिकता कायम गरेका इच्छुक योग्य नेपाली नागरिकले आवेदन दिन सक्नेछन्ः-

### (क) शैक्षिक योग्यता र कार्य अनुभवः

मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, व्यवस्थापन, वाणिज्य शास्त्र वा वाणिज्य कानून विषयमा विद्यावारिधि उपाधि हासिल गरी राजस्व सम्बन्धी क्षेत्रमा कम्तीमा पाँच वर्ष अध्ययन वा अनुसन्धान वा कार्य अनुभव भएको वा अर्थशास्त्र, व्यवस्थापन, वाणिज्य शास्त्र वा वाणिज्य कानून विषयमा स्नातकोत्तर वा चार्टर्ड एकाउण्टेन्सी उपाधि हासिल गरी राजस्व सम्बन्धी क्षेत्रमा कम्तीमा दश वर्ष अध्ययन वा अनुसन्धान वा कार्य अनुभव भएको व्यक्ति ।

### (ख) उमेरः

नेपाल राजस्व परामर्श समिति (गठन) आदेश, २०७६ को दफा ५ को खण्ड (ख) बमोजिम ३५ वर्ष पूरा गरेको र नियुक्ति हुँदाका बखत ६० वर्ष ननाघेको ।

नेपाल सरकार
अर्थ मन्त्रालय

(ग) उम्मेदवारको अयोग्यताः

नेपाल राजस्व परामर्श समिति (गठन) आदेश, २०७६ को दफा ६ बमोजिम देहायको अयोग्यता नभएको:-

१) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागूऔषध ओसार पसार तथा बिक्री वितरण, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाँय पाएको,

२) साहूको दामासाहीमा परेको ।

**२. दरखास्त साथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरुः**

(क) शैक्षिक योग्यता, अनुभव, सम्पर्क ठेगाना सहितको विस्तृत वैयक्तिक विवरणको प्रत्येक पानाको अन्त्यमा उम्मेदवारले दस्तखत गरी पेश गर्नुपर्नेछ ।

(ख) नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्र तथा अध्ययन, अनुसन्धान र कार्य अनुभव पुष्टयाईं गर्ने कागजातको प्रतिलिपि आवेदक स्वयंले प्रमाणित गरी दरखास्तसाथ पेश गर्नुपर्नेछ ।

**३. समितिका कार्यहरुः-**

नेपाल राजस्व परामर्श समिति (गठन) आदेश, २०७६ को दफा ९ बमोजिम नेपाल राजस्व परामर्श विकास समितिको काम, कर्तव्य र अधिकार हुनेछ ।

**४. अध्यक्ष तथा सदस्यको काम, कर्तव्य र अधिकारः**

नेपाल राजस्व परामर्श समिति (गठन) आदेश, २०७६ को दफा ११ बमोजिम अध्यक्ष समितिको पुरा समय काम गर्ने प्रमुख पदाधिकारी र सदस्य समितिको पुरा समय काम गर्ने पदाधिकारी हुनेछ । अध्यक्ष तथा सदस्यको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**५. पारिश्रमिक तथा सुविधाः**

समितिका अध्यक्ष तथा सदस्यहरुले अर्थ मन्त्रालयको सिफारिसमा नेपाल सरकारले तोकिदिए बमोजिमको पारिश्रमिक तथा सुविधा पाउनेछन् ।